# सैनिक नयाँ भर्ना नियमहरु, २०१९

(मिति २०७४ फागुन मसान्तसम्म भएका संशोधन समेत मिलाइएको )

नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सिंहदरबार

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

# सैनिक नयाँ भर्ना नियमहरु, २०१९

नेपाल राजपत्रमा प्रकाशित मिति
२०१९।८।४

संशोधन

| | | |
|---|---|---|
| १. | शाही सैनिक नयाँ भर्ना (संशोधन) नियमहरु, २०२२ | २०२२।११।३ |
| २. | शाही सैनिक नयाँ भर्ना (दोस्रो संशोधन) नियमहरु, २०५८ | २०५८।७।२० |
| ३. | सैनिक सम्बन्धी केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० | २०७०।१।३० |

नेपाली सेनाका अधिकृत जवानको नयाँ भर्ना लिने तरिका तथा नियमलाई नियमित तथा व्यवहारिक बनाउन वाञ्छनीय भएकोले,

सैनिक ऐन, २०१६ को दफा १६५ ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको दफा ११ र १३ को तात्पर्य पूरा गर्ने उद्देश्यले नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "सैनिक नयाँ भर्ना नियमहरु, २०१९" रहेको छ ।

(२) यी नियमहरु तुरुन्त प्रारम्भ हुनेछन् ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरुमा-

(क) "अधिकृत जवान" भन्नाले ◆सैनिक ऐन लागू हुने जुनसुकै व्यक्ति सम्झनु पर्छ ।

◆(ख) "ऐन" भन्नाले सैनिक ऐन सम्झनु पर्छ ।

(ग) "अनुसूची" भन्नाले यी नियमहरुको अनुसूची सम्झनु पर्छ ।

३. प्रवर तथा भर्ना समिति : नेपाली सेनामा भर्ना हुन चाहने जवानहरुलाई छानवीन तथा नियुक्ति गर्न निम्न लेखिए बमोजिमको एक बोर्ड गठन हुनेछ र योग्य उम्मेदवारहरुलाई सोही बोर्डले नियुक्ति गर्नेछ :-

(१) कार्यरथीले खटाएको अधिकृत - अध्यक्ष

(२) नयाँ भर्ना लिन नियुक्ति गरिएको अधिकृत - सदस्य

(३) युनिट, सवयुनिट वा ट्रेनिङ्ग सेन्टरका अधिकृत कमाण्डिङ्ग - सदस्य

◆ सैनिक सम्बन्धी केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० द्वारा संशोधित ।

(४) मेडिकल अधिकृत - सदस्य

(५) जङ्गी किताबखानाका हाकिम वा प्रतिनिधि - सदस्य-सचिव

४. योग्यता : नेपाली सेनामा भर्ना हुन चाहने अधिकृत जवानहरु देहाय बमोजिम योग्यता पुगेको हुनुपर्छ :-

(क) नेपाली नागरिक,

📖(ख) दरखास्त दिने मितिको अन्तिम दिनमा १८ वर्ष पूरा भई २२ वर्ष ननाघेको,

तर विदेशी सेनामा नोकरी गरी बात कसूर नलागी छाडी आएका भए सक्कल प्रमाणपत्रको आधारमा ३५ वर्ष ननाघेको नेपाली नागरिकलाई पनि लिन सकिनेछ ।

(ग) अस्पताल जाँचबाट योग्य ठहरिएको, र

(घ) कुनै पनि राजनीतिमा नलागेको ।

५. भर्ना भिकी नियुक्ति गर्ने अधिकृतहरु : ◆ऐनको तात्पर्यको लागि देहायका अधिकृतहरु भर्ना र नियुक्ति अधिकृतहरु हुनेछन् :-

(क) युनिट, सव-युनिट वा ट्रेनिङ्ग सेन्टरका अधिकृत कम्याण्डिङ्ग

(ख) सैन्य भिक्न नियुक्ति भएका अधिकृत वा उपशापक अधिकृत, र

(ग) कार्यरथीले खटाएको अधिकृतहरु ।

६. सैन्य भिक्ने तरीका : सैन्य भिक्दा सैन्य भिक्नेले देहायको तरीका अपनाउनु पर्दछ :-

(क) नयाँ सैन्यहरु भर्ना गर्दा गैर खाली भएको बात लागी भर्ना हुन आएकोमा भर्ना नगर्ने त्यस्ता व्यक्तिले भुक्याई भर्ना भएमा भर्ना भएको मितिले ऐन बमोजिम कैदको सजायको भागी हुनेछ ।

(ख) भर्ना भिकिएका सैन्यहरु अस्पताल जाँच गराउँदा सरकारी अस्पताल भएको ठाउँमा अस्पताल जाँचबाट ठीक ठहरेमा र सो नभई डाक्टर मात्र भएको ठाउँमा डाक्टर एक, मिलिटरी अधिकृत एक र 📖जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि एक समेतको बोर्डबाट ठीक ठहरेमा र डाक्टर पनि नभएको ठाउँमा मिलिटरी अधिकृत कम्तीमा २ जना र 📖जिल्ला प्रशासन

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

📖 दोस्रो संशोधनद्वारा संशोधित ।

◆ सैनिक सम्बन्धी केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० द्वारा संशोधित ।

कार्यालयको प्रतिनिधि एक समेत रही तन्दुरुस्तीका बुँदा तयार पारी जाँची ठीक ठहरेमा मात्र भर्ना भिक्ने ।

⁂(ग) भर्ना हुन आउने जवानले नाम, थर, वतन र तीन पुस्ते नाम समेत खुलेको आफ्नो 🕮गाउँ विकास समिति वा नगरपालिकाबाट परिचय पत्र ल्याएमा वा जङ्गी तर्फ भए बहालवाला सुवेदार, जमदार वा अधिकृत, निजामतीमा भए बहालवाला राजपत्राङ्कित अधिकृत एक जना, सो नभए त्यसदेखि मुनि जङ्गीका र निजामतीका बहालवाला राजपत्र अनङ्कित तृतीय श्रेणीका दुई जना मानिसले सो जवानको नाम, थर, वतन ठीक छ भन्ने गरी दिएका कागजको जमानी लिई मात्र भर्ना गर्ने । साक्षी बस्ने व्यक्ति बहाल रहेको प्रमाणको निमित्त जङ्गी तर्फ अधिकृतको परिचयपत्र र सोदेखि मुनिकालाई पे-बुक र निजामती तर्फ भए आफू बहाल रहेको अड्डाको निस्सा लिई साक्षीको सहिछाप गराउने ।

⁂(घ) 🕮गाउँ विकास समिति वा नगरपालिकाबाट दिइएको परिचयपत्र वा भर्ना हुन आउने मानिसको साक्षी केही कारणले झुट्ठा ठहरिन आएमा सो भर्ना हुने जवान र साक्षी बस्ने मानिस ऐन सवाल बमोजिम सजायको भागी हुने ।

⁂(ङ) भर्ना हुन आउने जवानले 🕮गाउँ विकास समिति वा नगरपालिकाबाट दिएको परिचयपत्र साथमा नलिई आएमा अस्पताल जाँचबाट पास भएपछि साक्षी ल्याउन ७ दिनको म्याद दिने र सो म्यादभित्रै साक्षी ल्याएमा अघिकै मितिको भर्ना सदर मान्ने । सो म्याद भित्र साक्षी ल्याउन नसकी पछि मात्र साक्षी वा परिचयपत्र लिई आएमा जुन मितिमा लिई आउँछ सोही मितिमा भर्ना सदर गर्ने ।

(च) नयाँ सैन्यहरु भर्ना भिक्दा १८ वर्षदेखि 🕮२२ बर्षसम्मका र नेपाली नागरिकहरु, विदेशी पल्टन जागीरे भई आएका जवान चाहिने प्रमाणपत्र हेरी खत बात नलागेको रहेछ भने ३५ वर्ष ननाघेको त्यस्तो व्यक्तिलाई पनि भर्ना लिने ।

(छ) नयाँ सैन्यहरु भिक्दा देहाय बमोजिमको उचाई र छातीको घेराको चौडाई ३२ इञ्चीदेखि मुनिकोलाई नभिक्ने ।

---

⁂ शाही सैनिक नयाँ भर्ना (संशोधन) नियमहरु, २०२२ द्वारा संशोधित ।
🕮 दोस्रो संशोधनद्वारा संशोधित ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

| युनिट | फुट | इञ्च |
|---|---|---|
| १. श्री काली बहादुर | ५ | ३॥ |
| २. श्री गोरख बहादुर | ५ | ४ |
| ३. श्री फष्ट राइफल | ५ | ५ |
| ४. श्री माउण्टन ब्याट्री | ५ | ५ |
| ५. श्री महीन्द्र दल | ५ | ४ |
| ६. बाँकी अरु | ५ | ३ |

७. कालीगड र कम्ब्याटचाण्ट, अमल्दार र एस.एल.सी. वा सो सरह पास भएको नायक क्लर्कलाई इञ्च फुट नहाल्ने ।

(ज) उचाई र चौडाई भर्ना झिक्ने अधिकृतले नै हाल्ने ।

७. <u>भर्ना सदर गर्ने</u> : नियम ७ को (क), (ख) र (ग) बमोजिम भर्ना झिक्न अधिकार पाएका अधिकृतहरुले रुल नियम बमोजिम भर्ना झिकी क.कि. बाट प्राप्त भएको सिटरोलमा र अनुसूचीमा दिइएको ढाँचा बमोजिमको शर्तको फाराममा समेत सहीछाप गराई धर्म भकाई उक्त कागजपत्रहरु क.कि. खानामा किताब दर्ता गर्न पठाइनेछ र क.कि. खानाले उक्त कागजपत्रहरु रुल नियम बमोजिम ठीक छ छैन जाँची किताब दर्ता गर्नेछ । भर्ना हुने जवानको घर थर वतनमा फरक परेमा एक पटक फेरि बुझी फरक पर्न आएमा बर्खास्ति गर्ना निमित्त माथिको तहमा जनाउ दिनेछ । मामूली छुटपुट मात्र भई नमिलेमा फिर्ता पठाई रुल नियम बमोजिम गर्न लाउनेछ । सिटरोल र शर्तको फाराम क.कि. खानामा पठाउँदा उपत्यकाले ७ दिन भित्र र उपत्यका बाहिरकाले बाटो म्याद बाहेक ७ दिन भित्र पठाउनु पर्छ र क.कि. खानाले नियुक्ति भएको जनाउ दिनेछ ।

८. <u>भर्ना हुन नपाउने भर्ना भएमा गर्ने</u> : नियम ६ को खण्ड (क) बमोजिम मानिसहरुले झुक्याई भर्ना भै युनिट, सव-युनिटमा गएका रहेछन् र त्यस्ता व्यक्तिलाई भर्ना भएको युनिट, सव-युनिटका कुनै व्यक्तिले थाहा पाइकन पनि प्रतिवेदन नगरेमा त्यस्ता व्यक्ति ऐनबमोजिम सजायको भागी हुनेछन् ।

९. <u>भर्ना बदर हुने</u> : (क) नेपाली सेनामा भर्ना भैसकेपछि भर्ना भएको व्यक्ति नेपाली नागरिक नभएको र राजनीतिमा लागेको भनी पछि ठहरिन आएमा जुनसुकै बखत पनि निजको भर्ना बदर हुनेछ ।

(ख) नेपाली सेनामा भर्ना गरिएका सैन्यहरुलाई १ एक वर्षसम्म सैन्य ट्रेनिङ्ग गराउँदा पनि नियमित स्तरमा पास हुन नसक्ने सैन्यहरुलाई खारिज गरिनेछ ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

टिप्पणी:- १. स्थानीय प्रशासन ऐन, २०२२ द्वारा "गोश्वारा" को सट्टा "अञ्चलाधीशको कार्यालय" राखी रुपान्तरण भएको ।

२. सैनिक (दोस्रो संशोधन) ऐन, २०२३ द्वारा "एड्जुटेण्ट जनरल" को सट्टा "कार्यरथी" "ले.क." को सट्टा "प्रमुख सेनानी" र "मेजर" को सट्टा "सेनानी" र "कप्तान" को सट्टा "सह-सेनानी", "रिक्रुट" को सट्टा "सैन्य", "नायक" को सट्टा "अमल्दार", "कम्पनी" को सट्टा "गुल्म" राखी रुपान्तरण भएको ।

३. केही नेपाल कानून (संशोधन) ऐन, २०२४ द्वारा "अफिसर" "गजेटेड", "नन् गजेटेड" "रिपोर्ट" को सट्टा "अधिकृत" "राजपत्राङ्कित" "राजपत्र अनङ्कित" र "प्रतिवेदन" राखी रुपान्तरण भएको ।

४. सैनिक (तेश्रो संशोधन) ऐन, २०४० द्वारा "शाही सेना" को सट्टा "शाही नेपाली सेना" राखी रुपान्तर गरिएको ।

५. केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा "श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" राखी रुपान्तर गरिएको ।

६. सैनिक ऐन, २०६३ द्वारा "शाही नेपाली सेना" को सट्टा "नेपाली सेना" राखी रुपान्तर गरिएको ।

७. सैनिक सम्बन्धी केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० द्वारा ठाँउ ठाँउमा रहेको "शाही" भन्ने शब्द झिकिएको ।

## अनुसूची

## पुन: संशोधित नोकरीको कबुलनामा (शर्त) नेपाली सेना

म, युनिट ............. नं. दर्जा नाम थर वतनले देहायमा लेखिएको पुन: संशोधित कबुलनामा (शर्त) आफ्नो मनोमानी खुशी राजीले सकार गर्दछु :-

१. ✂........ पल्टनमा सैनिक ऐन बमोजिम दस्तूर कायदासँग रही उर्दी कवायद गरुँला ।

२. मुलुकसम्बन्धी लडाईंको काम र केही आन्दोलन परि आएमा आफ्नो जन्मभूमि सम्झी तन मन दिई ✂........ हाजिर रही ज्यान दिनमा कबूल छ । सो बमोजिम गरुँला ।

३. ✂........ जुन बेला जहाँ खटियुंला खटिएका जग्गामा गई हुकूम बमोजिम दिलोज्यान दिई गरुँला ।

४. ✂........

५. नोकरी ✂........कबूल गरेपछि नोकरी पाएका मितिले १० वर्ष नपुगी नोकरी छाड्ने छैन । सो म्याद पुगी छाडी जानेहरुले ठूलो सन्धिसर्पन परेमा जाहेर गरी छाड्न पाए पनि त्यस्ता जवानहरुले समेत पछि उर्दी भएमा नोकरीमा बस्न पाउने उमेरको हदसम्मका जवानहरुले उर्दी भएका बखतमा हाजिर हुन आउनेछौं ।

६. भर्ना भएका मितिले १२ महिना नपुगी घर बिदा पनि लिने छैन ।

मेरो उपस्थितिमा सहीछाप भयो भनी दस्तखत गर्ने : सहीछाप गर्ने

सेनानी वा सह-सेनानी

ओ.सी. गुल्म युनिट

धर्म भाकी शपथ ग्रहण निसान: छुवाउने

युनिट नं. नाम शपथग्रहण

गर्ने सेरिमोनियल परेड गते सालमा भएको बेलामा सो धर्म भाकी सहीछाप गर्ने

ओ.सी. प्रमुख सेनानी वा सेनानी

युनिट कमाण्डर

---

✂ सैनिक सम्बन्धी केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० द्वारा झिकिएको ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय